# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर , रुकुम (पूर्व)

लुम्बिनी प्रदेशनेपाल ,

## आ.व २०८०/८१ को लागि बालुवा लगायतका नदिजन्य पदार्थको कर तथा शुल्क संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति- २०८०/११/१३ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (घ) (६) तथा सोहि ऐनको दफा ६४ को उपदफा (१) को (च) मा व्यवस्था भएबमोजिम भूमे गाउँपालिकाको क्षेत्रभित्र आन्तरिक खपत तथा अन्य स्थानीय तहमा निकासी पैठारीका लागि ढुङ्गा, गिट्टि, बालुवा लगाएतमा आर्थिक वर्ष २०८०/८१ का लागि आन्तिरक आयसम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा तपशिल बमोजिमको विवरण र शर्तहरुको अधीनमा रहि कर दस्तुर शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्युनतम अङ्कमा नघट्ने गरी यस कार्यालयबाट जारी गरिएको बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| बोलपत्र ठेक्का नं | ठेक्काको विवरण | न्युनतम ठेक्का मूल्य रु (मू.अ.क. सहित ) | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर | संकलन गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|
| BRMO/SQ/SRC-01/2080-81 | भूमे गाउँपालिका अन्तर्गत सानीभेरी नदिको भूमे ५ बालुवा क्षेत्र बाट नदीजन्य पदार्थ बालुवा उत्खनन, संकलन तथा बिक्री वितरण | रू. १,९१,२२६।८१ (अक्षरुपी एक लाख एकानाब्बे हजार दुई सय छब्बीस रुपैयाँ एकासी पैसा मात्र) | रू. १,०००। (अक्षरुपी एक हजार मात्र) | २८,२०४।५४ घन फित |

**शर्तहरुः**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व ०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सिलबन्दी दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगद रसिद वा यस कार्यालयको नाममा सिटिजन्स बैंक भूमे शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७८०१००००००००१२०२ मा सिलबन्दी दरभाउपत्र फारम खरिद गरे बापत जम्मा गरेको सक्कल भौचर साथ निबेदन संलग्न राखि मिति २०८०/११/२० गते कार्यालय समय भित्र कार्यालयबाट सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२) खरिद गरेको सिलबन्दी दरभाउपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/११/२१ गते दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ।

२०८०/११/१३

निमित्त प्रमुख प्रशासकीय अधिकृत

३) बोलपत्र फाराम साथ धरौटि बापत कुल कबोल अंक (मू. अ. क. समेत) को ५ (पाँच) प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत स्वरुप यस कार्यालयको नाममा सिटिजन्स बैंक भूमे शाखामा रहेको धरौटी खाता नं. ०७८०१०००००३०२०१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त बैंक वा बित्तिय संस्थाबाट कम्तीमा ७५ दिनको म्याद कायम गरि जारी भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

४) एक फर्म वा संस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

५) रीत पूर्वक पेश भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/११/२१ गते दिनको ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) आ. व. २०८०/८१ का लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मितिदेखि २०८१ साल जेष्ठ महिनाको मसान्तसम्मको हुनेछ ।

७) बोलपत्रदाताले नेपाल सरकारको प्रचलित कानुन, लुम्बिनी प्रदेश सरकारको कानुन तथा भूमे गाउँपालिकाबाट जारी भएका स्थानीय कानुनहरुको पूर्ण परिपालना गर्नुपर्नेछ ।

८) कुल कबोल अंकलाई २ किस्तामा कायम गरिनेछ । पहिलो किस्तावापत कुल कबोल अंकको ५०% प्रतिशत रकम सम्झौता हुनु अगावै र बाँकी अन्तिम किस्तावापतको रकम २०८१ साल जेष्ठ मसान्तभित्रै बुझाइसक्नुपर्नेछ । कुल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा अग्रिम बुझाएमा औचित्य हेरी कबोल अंकको मूल्य अभिवृद्धि करबाहेकको **१०%** सम्म छुट दिन सकिनेछ । प्रचलित नियम कानुन अनुसार तिर्नु पर्ने सम्पूर्ण कर बोलपत्रदाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

९) बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको थप छुट, मिनाहा वा माफी दिइने छैन ।

१०) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ ।

११) नदिजन्य पदार्थको उल्खनन तथा संकलन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४, यस गाउँपालिकाबाट जारी कानुन, संघीय तथा प्रदेश कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस गाउँपालिकाबाट तयार भएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदन बोलपत्र सम्झौताको अभिन्न अंग मनिनेछ ।

१२) यस सूचनामा उल्लेखित शर्तहरुका अतिरिक्त सम्झौतापत्रमा उल्लेख भए बमोजिमका शर्तहरु र अन्य विषयको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

१३) थप जानकारीका लागि कार्यालयको ९८५११९९४७६ /९८६१६१८८५१ मा सम्पर्क गर्न सकिनेछ ।

२०८०।११।१३

**(उपेन्द्र यादव)**

**नि.प्रमुख प्रशासकीय अधिकृत**